# काठमाडौँ महानगरपालिका

# स्थानीय राजपत्र

**काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित**

**वर्ष ७) काठमाडौँ, जेठ १ गते, २०८० साल**

## भाग १

## काठमाडौँ महानगरपालिका
## विषयगत समिति गठनसम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना** : नेपालको संविधान तथा प्रचलित कानूनले स्थानीय तहको लागि तोकेको काम, कर्तव्य र अधिकारको प्रचलन गर्न तथा काठमाडौँ महानगरपालिकाको स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा गुणात्मक नतिजा हासिल गर्न नगर कार्यपालिकाअन्तर्गत विषयगत

समितिको भूमिकालाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ को व्यवस्थासमेतलाई आधार मानी काठमाडौं महानगरपालिका प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम **"विषयगत समिति गठनसम्बन्धी कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **'उपप्रमुख'** भन्नाले काठमाडौं महानगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ख) **'ऐन'** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

(ग) **'कार्यविधि'** भन्नाले विषयगत समिति गठनसम्बन्धी कार्यविधि, २०८० सम्झनुपर्छ ।

(घ) **'कार्यपालिका'** भन्नाले काठमाडौं महानगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ङ) **'नगरसभा'** भन्नाले काठमाडौं महानगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

(च) **'प्रमुख'** भन्नाले काठमाडौँ महानगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(छ) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले काठमाडौँ महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) **'महानगरपालिका'** भन्नाले काठमाडौँ महानगरपालिका सम्झनुपर्छ ।

(झ) **'विभाग'** भन्नाले काठमाडौँ महानगरपालिका अन्तर्गतको समितिसम्बद्ध विभाग सम्झनुपर्छ ।

(झ) **'सदस्य'** भन्नाले समितिको सदस्य सम्झनुपर्छ ।

(ञ) **'सदस्य सचिव'** भन्नाले समितिको सदस्य सचिव सम्झनुपर्छ ।

(ट) **'समिति'** भन्नाले यस कार्यविधिबमोजिम गठन हुने विषयगत समिति सम्झनुपर्छ ।

(ठ) **'संयोजक'** भन्नाले समितिको संयोजक सम्झनुपर्छ ।

## परिच्छेद - २
## समिति गठन तथा क्षेत्राधिकार

३. **समिति गठन** : (१) कार्यपालिकाले आफूअन्तर्गत तोकिएको विषय/क्षेत्रमा कार्य सम्पादन गर्न विषयगत समितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाबाट गठन हुने समितिको संरचना देहायबमोजिम हुनेछ :

(क) कार्यपालिकाको सदस्य मध्येबाट एक जना - संयोजक

(ख) कार्यपालिकाले तोकेको बढीमा तीन जना कार्यपालिका सदस्य - सदस्य

(ग) विषय क्षेत्रसँग सम्बद्ध विभागका विभागीय प्रमुख एक जना - सदस्य सचिव

(३) समितिको बैठकमा प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतसमेतलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) कार्यपालिकाको कुनै सदस्य कुनै एक समितिमा मात्र संयोजक हुन सक्नेछ ।

(५) कार्यपालिकाले आवश्यक देखेमा समितिको नाम, सङ्ख्या तथा काम, कर्तव्य र अधिकारमा समयानुकूल हेरफेर गर्न सक्नेछ ।

४. **समितिको बैठकसम्बन्धी व्यवस्था** : (१) समितिको बैठक आवश्यकताअनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठक बस्ने सूचना समितिको सदस्य सचिवले बैठक बस्नुभन्दा चौबिस घण्टाअगावै सदस्यहरूलाई दिनुपर्नेछ ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको बैठकबाट भएका निर्णयहरू अध्यावधिक गरी राख्नुपर्नेछ । समितिको निर्णयपुस्तिका सदस्य सचिवको जिम्मामा रहनेछ ।

(७) समितिको निर्णय समितिको संयोजक र सदस्य सचिवबाट संयुक्त रूपमा प्रमाणित हुनेछ ।

(८) समितिले आवश्यकताअनुसार कुनै व्यक्ति वा विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैँले निर्धारण गरेबमोजिम हुनेछ ।

५. **समष्टिमा समितिको काम, कर्तव्य र अधिकार** : (१) प्रत्येक समितिका लागि यस कार्यविधिले विशिष्ट रूपमा तोकेका अलग अलग काम, कर्तव्य र अधिकारको अतिरिक्त दफा ३ बमोजिम गठित सबै समितिको हकमा समान रूपमा लागु हुने सामान्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) नेपालको संविधान र प्रचलित कानूनले तोकेका स्थानीय तहको अधिकारको अधिकतम प्रचलन गर्ने तथा तोकिएका काम, कर्तव्य र दायित्व प्रभावकारी रूपमा कार्यान्वयन गर्ने-गराउने ।

(ख) महानगरपालिकाको शासन प्रशासनमा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने सम्बद्ध विभाग तथा प्रशासनिक एकाइलाई आवश्यक सहयोग तथा सहजीकरण गर्ने ।

(ग) विषयगत क्षेत्रमा केन्द्रित भई विशिष्टीकृत रूपमा विषयहरू उपर छलफल गरी निस्किएको निचोड तथा प्रस्तावलाई प्रमुखमार्फत कार्यपालिकामा पेस गरी आवश्यक कानून, नीति, योजना र कार्यक्रम तर्जुमा गर्ने ।

(घ) स्वीकृत नीति, कानून तथा कार्यक्रम कार्यान्वयन गर्ने/गराउने ।

(ङ) महानगरपालिकाको समग्र सेवाप्रवाहलाई सरल, सहज र थप प्रभावकारी बनाउन उपयुक्त प्रणालीको सिफारिस गर्ने ।

(च) समितिले आफ्नो क्षेत्राधिकारभित्रका विषयमा अध्ययन, अनुसन्धान गरी सोको प्रतिवेदन तथा सुझावहरू प्रमुखमार्फत कार्यपालिकाको बैठकमा पेस गर्ने प्रबन्ध मिलाउने ।

(छ) अनुगमन, नियमन तथा सुपरीवेक्षणमार्फत उपलब्धिलाई अधिकतम् एवम् उच्चतम् बिन्दुमा पुऱ्याउन आवश्यक प्रबन्ध र प्रयत्न गर्ने-गराउने ।

(ज) विषयगत समितिको कार्यक्षेत्रभित्रका विषयमा कार्यपालिकामा कुनै प्रस्ताव पेस गरी निर्णय गर्नुपर्ने भएमा समितिको बैठकमा छलफल गर्ने, कार्यपालिकाको कार्यसूचीको लागि प्रमुखमार्फत प्रस्ताव सिफारिस गर्ने र कार्यपालिकाको बैठकमा उठेका सवालहरूमा जवाफ दिने ।

(झ) कार्यपालिकाले समयसमयमा तोकेका अन्य कार्यहरू गर्ने-गराउने ।

६. **सुशासन समिति** : सुशासन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) महानगरपालिकाको संस्थागत सुशासन कायम गरी स्थानीय शासन, विकास निर्माण तथा सेवाप्रवाहमा उच्चतम्

सदाचार, पारदर्शिता, नियमितता र प्रभावकारिता कायम गर्न/गराउन आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(२) संस्थागत सुशासन तथा सहरी सुव्यवस्था कायम गर्न आवश्यक प्रस्तावहरू सम्बन्धमा छलफल गरी रणनीति, कार्यनीति, क्रियाकलापसमेत सिफारिस गर्ने ।

(३) सुशासनसम्बद्ध कानून तथा कार्यालयको निर्णय कार्यान्वयन र त्यसको उपलब्धी सम्बन्धमा नियमित अनुगमन सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने । विषयगत क्षेत्रसँग सम्बन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरणअनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(४) महानगरपालिकाको समस्त प्रशासनिक तथा सुशासन केन्द्रित काम कारबाहीमा आवश्यक सुधारको लागि अध्ययन, अनुसन्धान गरी सुझाव दिने ।

(५) महानगरपालिकाको प्रशासन विभाग र मातहत, अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय र सहरी योजना आयोग, सार्वजनिक निजी साझेदारी एकाइ, महानगर प्रहरी बलसम्बद्ध काम कारबाही मूलतः यस समितिको क्षेत्राधिकार भएकोले सोसम्बन्धी विषय तथा प्रस्तावमा केन्द्रित भई छलफल गर्ने, निर्णय गर्ने, सिफारिस गर्ने, कार्यपालिकाबाट निर्णय गर्नुपर्ने भएमा प्रस्ताव तयार गरी प्रमुखसमक्ष पेस गर्ने, कार्यपालिकाको बैठकमा समितिको संयोजक वा समितिले तोकेको सदस्यले प्रस्तुत गर्ने र छलफलमा उठेका सवालमा जवाफसमेत दिने ।

(६) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने/गराउने ।

७. **वित्त समिति** : वित्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) काठमाडौँ महानगरपालिकाको वित्तीय सुशासन कायम गरी नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य पुष्टि हुने गरी लेखा प्रशासन सञ्चालन गर्न/गराउन आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(२) खर्चसम्बन्धी प्रचलित कानूनको यथार्थ परिपालना गराउन आवश्यक प्रस्तावहरू सम्बन्धमा छलफल गरी रणनीति, कार्यनीति, क्रियाकलापसमेत सिफारिस गर्ने ।

(३) महानगरपालिकाको खर्च व्यवस्थालाई अधिकतम् उपलब्धिमूलक बनाई जनउत्तरदायी खर्च प्रणालीको सिफारिस गर्ने । स्वीकृत बजेटको परिधिभित्र रही कानूनबमोजिम खर्च गर्ने प्रशासनिक प्रणालीलाई सुदृढ बनाउने । प्रचलित कानूनबमोजिम रहने स्थानीय सञ्चित कोष, आकस्मिक कोषको व्यवस्थापनमा सहयोग गर्ने ।

(४) महानगरपालिकाअन्तर्गतको विभाग, आयोजना तथा वडा कार्यालयको खर्च व्यवस्थापन कानूनबमोजिम पारदर्शी ढङ्गले परिचालन भए/नभएको नियमित अनुगमन सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने । विषयगत क्षेत्रसँग सम्बन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरणअनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(५) महानगरपालिकाको समस्त वित्तीय काम कारबाहीमा आवश्यक सुधारको अध्ययन तथा अनुसन्धान गरी सुझाव दिने । महालेखा परीक्षकको कार्यालयले औंल्याएका बेरुजु र आर्थिक अनुशासनसम्बन्धी सुझावहरू कार्यान्वयन गर्ने/गराउने ।

(६) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १० अन्तर्गत तोकिएका आर्थिक कार्य प्रणालीसम्बन्धी व्यवस्थाको

अधीनमा रही महानगरपालिकाको आर्थिक कार्यप्रणालीलाई व्यवस्थित बनाउन आवश्यक कार्यहरू गर्ने तथा गराउने ।

(७) महानगरपालिकाको वित्त विभाग र मातहत, खरिद एकाइ, आन्तरिक लेखा परीक्षण तथा सम्परीक्षण एकाइसम्बद्ध काम कारबाही मूलतः यस समितिको क्षेत्राधिकार भएकोले सोसम्बन्धी विषय तथा प्रस्तावमा केन्द्रित भई छलफल गर्ने, निर्णय गर्ने, सिफारिस गर्ने, कार्यपालिकाबाट निर्णय गर्नुपर्ने भएमा प्रस्ताव तयार गरी प्रमुखसमक्ष पेस गर्ने, कार्यपालिकाको बैठकमा समितिको संयोजक वा समितिले तोकेको कुनै सदस्यले प्रस्तुत गर्ने र छलफलमा उठेका सवालमा जवाफसमेत दिने ।

(८) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने/गराउने ।

८. **सामाजिक समिति** : सामाजिक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) काठमाडौँ महानगरपालिका क्षेत्रको सामाजिक विकास, समाज कल्याण, स्वरोजगार, मानव कल्याण, उद्यमशीलता विकास र प्रवर्द्धन जस्ता सामाजिक तथा रोजगारको क्षेत्रमा सुशासन र समृद्धि हासिल गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(२) महिला, बालबालिका, ज्येष्ठ नागरिक, असहाय र अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग, समुदाय, सहरी गरिब तथा सीमान्तकृतहरूको हकहित र सुविधाको निम्ति महानगरपालिकाले अवलम्बन गरेको नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न/गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलापसमेत सिफारिस गर्ने ।

(३) लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन सम्बन्धमा आवश्यक नीति, कानून तथा कार्यविधि तर्जुमा गरी सिफारिस गर्ने/गराउने ।

(४) सहरी उद्योग, साना उद्योग, लघु उद्योग, घरेलु उद्योग, उद्यमशीलताको विकास र प्रवर्द्धन, रोजगार तथा सीपमूलक तालिमसमेतका कार्यक्रम सञ्चालन गर्ने-गराउने ।

(५) सामाजिक क्षेत्र र उद्यमशीलताको विकास तथा प्रवर्द्धन गर्न आवश्यकताका आधारमा अन्य स्थानीय तहहरूसँग समन्वय, सहकार्य र साझेदारीमार्फत महानगरबासीलाई रैथाने, स्थानीय कच्चा पदार्थ, स्थानीय सीप, कला र क्षमतामा आधारित उद्योगहरूको विकास, प्रवर्द्धन र विस्तार गर्न आवश्यक संस्थागत प्रवन्ध गर्ने-गराउने ।

(६) महानगरपालिकाको सामाजिक विकास विभाग, उद्यमशीलताको विकास तथा प्रवर्द्धन र सोसम्बद्ध काम कारबाही मूलत : यस समितिको क्षेत्राधिकार भएकोले सोसम्बन्धी विषय तथा प्रस्तावमा केन्द्रित भई छलफल गर्ने, निर्णय गर्ने, सिफारिस गर्ने, कार्यपालिकाबाट निर्णय गर्नुपर्ने भएमा प्रस्ताव तयार गरी प्रमुखसमक्ष पेस गर्ने, कार्यपालिकाको बैठकमा समितिको संयोजक वा समितिले तोकेको समितिको कुनै सदस्यले प्रस्तुत गर्ने र छलफलमा उठेका सवालमा जवाफसमेत दिने ।

(७) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने/गराउने ।

९. **विधायन समिति** : विधायन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्य सङ्घ तथा प्रदेश कानूनबमोजिम काठमाडौँ महानगरपालिकाको नगरसभा तथा कार्यपालिकाबाट जारी गर्नुपर्ने ऐन, नियमावली, विनियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्डहरूको पहिचान गरी कानूनी ढाँचामा मस्यौदा गर्ने, सम्बद्ध सरोकारवालाहरूबिच छलफल गरी गराई सुझावहरू प्राप्त गर्ने र अन्तिम मस्यौदा तर्जुमा गरी नगरसभा तथा नगर कार्यपालिकामा प्रस्तुत गर्ने ।

(२) महानगरपालिकाको समग्र न्याय प्रशासनको सञ्चालन, स्थानीय विवाद निरूपण, मेलमिलाप प्रवर्द्धन, स्थानीय राजपत्रको प्रकाशनसमेतको लागि आवश्यक सहजीकरण गर्ने । न्यायिक समिति, प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको न्यायिक रोहबरबाट हुने मिलापत्र वा निर्णयको प्रभावकारिता वृद्धि गर्न आवश्यक प्रबन्ध मिलाउने । न्यायिक समिति, प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट भएका मिलापत्र वा निर्णय कार्यान्वयनको अवस्था सम्बन्धमा अवलोकन गरी प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्रबन्ध मिलाउने तथा सहजीकरण गर्ने ।

(३) महानगरपालिकाको समग्र तथा विषयगत क्षेत्रहरूमा समयानुकूल सुधार गर्न आवश्यक पर्ने नीति, कानून तथा कार्यविधिहरूको अध्ययन विश्लेषण गरी राजधानी सहर काठमाडौंको नगर सुव्यवस्थामा अभिवृद्धि गर्न आवश्यक कानूनको तर्जुमा, संशोधन तथा पुनरावलोकन गर्ने । कानून कार्यान्वयनलाई सुनिश्चित गर्न गराउन आवश्यक संयन्त्र तथा कार्यप्रणालीको सिफारिस गर्ने ।

(४) प्रचलित कानूनको परिपालना तथा यथार्थ कार्यान्वयन सम्बन्धित विभाग, महाशाखा, आयोजना तथा वडा कार्यालयहरूबाट प्रभावकारी रूपमा भए वा नभएको नियमित अनुगमन र सुपरीवेक्षण गरी कानून कार्यान्वयनलाई सुनिश्चित गराउने र विषयगत क्षेत्रसँग सम्बन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(५) महानगरपालिकाको समग्र विधि, कानून, स्थानीय विवाद निरूपण, मेलमिलाप, न्याय, निर्णय कार्यान्वयन, मानव अधिकारको संरक्षण, प्रवर्द्धन तथा विस्तार, न्यायिक प्रतिरक्षा, कानूनी राय

परामर्श, विधायन क्षेत्रको काम कारबाहीमा आवश्यक सुधारको अध्ययन अनुसन्धान गरी सुझाव दिने ।

(६) महानगरपालिकाको कानून तथा मानव अधिकार विभाग, कानूनी सल्लाहकार र वडा तहबाट हुने कानून कार्यान्वयन तथा न्याय प्रशासनसम्बद्ध काम कारबाही मूलतः यस समितिको क्षेत्राधिकारको विषयक्षेत्र भएकोले सोसम्बन्धी विषय तथा प्रस्तावमा केन्द्रित भई छलफल गर्ने, निर्णय गर्ने, सिफारिस गर्ने, कार्यपालिकाबाट निर्णय गर्नुपर्ने भएमा सोका लागि प्रस्ताव तयार गरी प्रमुखसमक्ष पेस गर्ने, कार्यपालिकाको बैठकमा समितिको संयोजक वा समितिले तोकेको कुनै सदस्यले प्रस्तुत गर्ने र छलफलमा उठेका सवालमा जवाफसमेत दिने ।

(७) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने-गराउने ।

**१०. <u>राजस्व समिति</u>** : राजस्व समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित कर, शुल्क, दस्तुर, दण्ड जरिवाना, रोयल्टी तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ अन्तर्गत उल्लिखित वित्तीय अधिकार क्षेत्रभित्रका कर, दस्तुर, शुल्क लगाउने, उठाउने र राजस्वको समुचित उपयोग गर्न महानगरपालिकाको राजस्व परामर्श समितिसँग समन्वय गरी सिफारिस गर्ने ।

(२) महानगरपालिकाले नगरसभा तथा कार्यपालिकाबाट राजस्व प्रशासनसम्बद्ध विषयमा जारी गर्नुपर्ने ऐन, नियमावली, विनियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्डहरूको पहिचान गर्ने विषयमा आवश्यक नीति, कार्यनीति, रणनीति, योजना तथा कार्यक्रमको तर्जुमा गर्ने ।

(२) स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग समन्वय गरी आवश्यक सूचना, विवरण तथा तथ्याङ्क उपलब्ध गराई बजेट, नीति तथा कार्यक्रम निर्माण गर्न सहयोग गर्ने ।

(३) स्थानीय सञ्चित कोषमा रहने रकमहरूको व्यवस्थापन सम्बन्धमा आवश्यक सहयोग, सुझाव उपलब्ध गराउने ।

(४) आफ्नो क्षेत्रभित्रका करदाताहरूको पहिचान गर्ने, सबै करदातालाई करको दायरामा ल्याउने र कर सङ्कलनलाई सूचना प्रविधिमा आबद्ध गरी कर प्रशासनलाई सरल, सहज र पारदर्शी बनाई करदातामैत्री कार्यालयको रूपमा विकास गर्न आवश्यक नीतिगत तथा व्यवस्थापकीय प्रबन्धको लागि अध्ययन अनुसन्धान गरी उपयुक्त विधि, प्रक्रिया र प्रणालीको सिफारिस गर्ने । राजस्व व्यवस्थापनका विषयमा गर्नुपर्ने सुधारका पक्षहरूका सम्बन्धमा सिफारिस गर्ने ।

(५) सबै करदाताहरूको विवरणलाई अध्यावधिक राखी सूचना प्रविधिको प्रयोगबाट कर सङ्कलन गर्ने सम्बन्धमा सम्बद्ध विभाग, महाशाखासँग सहयोग एवम् समन्वय गर्ने ।

(६) महानगरपालिकाको राजस्व विभाग र वडा तहबाट हुने राजस्वसम्बद्ध काम कारबाही मूलतः यस समितिको क्षेत्राधिकारको विषय भएकोले सोसम्बन्धी विषय तथा प्रस्तावमा केन्द्रित भई छलफल गर्ने, निर्णय गर्ने, सिफारिस गर्ने, कार्यपालिकाबाट निर्णय गर्नुपर्ने भएमा प्रस्ताव तयार गरी प्रमुखसमक्ष पेस गर्ने, कार्यपालिकाको बैठकमा समितिको संयोजक वा समितिले तोकेको कुनै सदस्यले प्रस्तुत गर्ने र छलफलमा उठेका सवालमा जवाफसमेत दिने ।

(७) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने/गराउने ।

**११.** **पूर्वाधार समिति** : पूर्वाधार समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) महानगरपालिका क्षेत्रभित्र निर्माण गर्न आवश्यक भौतिक पूर्वाधारहरूको पहिचान गरी तत्सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(२) नगरसभा तथा कार्यपालिकाबाट स्वीकृत बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलापसमेत सिफारिस गर्ने ।

(३) सुरक्षित तथा व्यवस्थित काठमाडौं निर्माणका लागि अन्य स्थानीय तहहरूसँग समेत एकीकृत रूपमा सञ्चालन गर्न आवश्यक ठुला परियोजनाहरू सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान, विश्लेषण गरी सिफारिस गर्ने ।

(४) सहरी पूर्वाधार विकास तथा भौतिक निर्माणसँग सम्बन्धित विभाग, महाशाखा, आयोजना तथा वडा कार्यालयहरूबाट प्रभावकारी रूपमा कानूनबमोजिम पारदर्शी ढङ्गले गुणस्तरीय कार्य भए नभएको नियमित अनुगमन सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने र विषयगत क्षेत्रसँग सम्बन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरणअनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(५) महानगरपालिका क्षेत्रभित्र अन्य सरकारी निकाय, संस्थान तथा गैरसरकारी निकाय आदिबाट हुने भौतिक निर्माणसम्बद्ध कार्यहरूमा आवश्यक समन्वय गरी निर्माण कार्यमा एकरूपता र गुणस्तरीयता कायम गर्न सहयोग गर्ने ।

(६) महानगरपालिकाको स्वीकृत बजेटअन्तर्गत निर्माण गरिने सहरी पूर्वाधारहरू समयमै सम्पन्न गर्ने, गुणस्तरीयता र उपयोगितामा कमी आउन नदिने, अपाङ्गतामैत्री संरचनाहरू

निर्माण गर्ने तथा सार्वजनिक हित र सरोकारलाई उच्च महत्व दिई भौतिक संरचनाहरू निर्माण गर्न/गराउन आवश्यक कानूनी तथा संस्थागत प्रबन्ध गर्न सिफारिस गर्ने ।

(७) महानगरपालिकाको सार्वजनिक निर्माण विभाग, जग्गा एकीकरण आयोजनाहरू र वडा तहबाट हुने सार्वजनिक निर्माण सम्बद्ध काम कारबाही मूलतः यस समितिको क्षेत्राधिकार भएकोले सोसम्बन्धी विषय तथा प्रस्तावमा केन्द्रित भई छलफल गर्ने, निर्णय गर्ने, सिफारिस गर्ने, कार्यपालिकाबाट निर्णय गर्नुपर्ने भएमा प्रस्ताव तयार गरी प्रमुखसमक्ष पेस गर्ने, कार्यपालिकाको बैठकमा समितिको संयोजक वा समितिले तोकेको सदस्यले प्रस्तुत गर्ने र छलफलमा उठेका सवालमा जवाफसमेत दिने ।

(८) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने/गराउने ।

**१२. वातावरण समिति** : वातावरण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) महानगरपालिका क्षेत्रभित्रको वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन तथा प्रदुषण नियन्त्रण सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(२) नगरसभा तथा कार्यपालिकाबाट स्वीकृत वातावरणसम्बन्धी बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलापसमेत सिफारिस गर्ने ।

(३) सफा, सुन्दर र स्वच्छ महानगर बनाउन आवश्यक अध्ययन, अनुसन्धान, सम्पन्न गरी सिफारिस गर्ने ।

(४) वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन कार्यमा सम्बन्धित विभाग, महाशाखा, आयोजना तथा वडा कार्यालयहरूबाट प्रभावकारी रूपमा कानूनबमोजिम पारदर्शी ढङ्गले कार्य भए

नभएको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने र विषयगत क्षेत्रसँग सबन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरणअनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(६) Clean and Green the City कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गराउने । सार्वजनिक शौचालय निर्माण, वायु प्रदुषण नियन्त्रण, वातावरण संरक्षणमा समुदायको अधिकतम् परिचालन, जैविक फोहोरको घरघरमा व्यवस्थापन, सफा टोल अभियान, सहरी क्षेत्रका साना वन व्यवस्थापन, नदी सभ्यताको संरक्षणलगायत नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा केन्द्रित हुने तथा केन्द्रित हुन सहयोग गर्ने ।

(७) "फोहोरबाट उर्जा" अभियानलाई विशेष प्राथमिकता दिई कार्य गर्न नीतिगत तथा संस्थागत प्रबन्ध सम्बन्धमा अध्ययन अनुसन्धान गरी प्रतिवेदन पेस गर्ने । समग्र वातावरणको क्षेत्रमा सुधार गर्नुपर्ने विषयहरू प्रस्ताव गर्ने ।

(८) महानगरपालिकाको वातावरण विभाग, हरियाली प्रवर्द्धन आयोजना र वातावरण व्यवस्थापनसम्बद्ध समग्र विषयमा वडा तहबाट हुने काम कारबाहीसमेत मूलतः यस समितिको क्षेत्राधिकार भएकोले सोसम्बन्धी विषय तथा प्रस्तावमा केन्द्रित भई छलफल गर्ने, निर्णय गर्ने, सिफारिस गर्ने, कार्यपालिकाबाट निर्णय गर्नुपर्ने भएमा सोका लागि प्रस्ताव तयार गरी प्रमुखसमक्ष पेस गर्ने, कार्यपालिकाको बैठकमा समितिको संयोजक वा समितिले तोकेको कुनै सदस्यले प्रस्तुत गर्ने र छलफलमा उठेका सवालमा जवाफसमेत दिने ।

(९) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने/गराउने ।

१३. **भवन व्यवस्था समिति** : भवन व्यवस्था समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) महानगरपालिका क्षेत्रभित्र निर्माण गरिने भवनहरूसम्बन्धी विद्यमान कानून, मापदण्ड तथा भवन संहिताको अध्ययन गरी सम्बद्ध विज्ञहरूको सुझावसमेतका आधारमा संशोधन पुनरावलोकन गर्नुपर्ने वा समयानुकूल संशोधन गर्नुपर्ने आधार, कारण र औचित्यसहितको ठोस व्यवस्था प्रस्तावका रूपमा सिफारिस गर्ने ।

(२) नगरसभा तथा कार्यपालिकाबाट स्वीकृत भवन व्यवस्था सम्बद्ध नीति तथा बजेट कार्यक्रम कार्यान्वयन गर्न/गराउन आवश्यक रणनीति, कार्यनीति एवम् क्रियाकलापसमेत सिफारिस गर्ने ।

(३) सुरक्षित तथा व्यवस्थित काठमाडौँ निर्माणका लागि स्वीकृत भवन निर्माणसम्बन्धी मापदण्ड तथा संहिताको कडाइका साथ पालना गर्ने/गराउने । गैरकानूनी निर्माणको निरन्तर र नियमित अनुगमन तथा सुपरीवेक्षण गरी गैरकानूनी निर्माण नियन्त्रण गरी मापदण्ड विपरीत निर्माण भएका संरचनाहरू भत्काउनेतर्फ कारबाही गर्न पेस गर्ने ।

(४) काठमाडौँ उपत्यकाभित्रका अन्य स्थानीय तहहरूसँगसमेत समन्वय गरी उपत्यकाभित्रको भवन निर्माणसम्बन्धी मापदण्ड तथा आवश्यक व्यवस्थामा एकरूपता कायम गर्न पहल गर्ने ।

(५) महानगरपालिका क्षेत्रभित्र हुने भवन निर्माणलाई नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने । अनुगमन समिति र प्राविधिक टोलीलाई सक्रिय बनाउने, समिति तथा टोलीलाई आवश्यक सहजीकरण गर्ने, अनुगमन तथा प्रतिवेदनलाई संस्थागत गरी व्यवस्थित रूपमा सञ्चालन गर्न प्रभावकारी संयन्त्र बनाउने र

कारबाहीको लागि प्रमुखसमक्ष शीघ्र पेस गर्ने व्यवस्था मिलाउने र गुणात्मक रूपमा समन्वय गर्ने ।

(६) भवन व्यवस्था सम्बन्धमा सम्बन्धित विभाग, महाशाखा, आयोजना तथा वडा कार्यालयहरूबाट प्रभावकारी रूपमा कानूनबमोजिम पारदर्शी ढङ्गले कार्य भए/नभएको नियमित अनुगमन सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने र विषयगत क्षेत्रसँग सम्बन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(७) भवन निर्माण इजाजत, निर्माणसम्पन्न जस्ता कार्यहरूलाई अझ सरल प्रभावकारी र पारदर्शी गराउन अनलाइन प्रणालीलाई संस्थागत गर्ने, घरधनीहरूलाई स्वीकृत नक्साबमोजिम मात्र भवन निर्माण गर्न अभिमुखीकरण गर्ने आदि कार्यलाई प्राथमिकताका साथ अघि बढाउन समन्वय गर्ने ।

(८) महानगरपालिकाको सहरी व्यवस्थापन विभाग र वडा तहबाट हुने भवन निर्माण अनुमति, भवन निर्माण मापदण्ड तथा संहिताको कडाइका साथ परिपालना गराउने विषयसम्बद्ध काम कारबाही मूलतः यस समितिको क्षेत्राधिकार भएकोले सोसम्बन्धी विषय तथा प्रस्तावमा केन्द्रित भई छलफल गर्ने, निर्णय गर्ने, सिफारिस गर्ने, कार्यपालिकाबाट निर्णय गर्नुपर्ने भएमा सोका लागि प्रस्ताव तयार गरी प्रमुखसमक्ष पेस गर्ने, कार्यपालिकाको बैठकमा समितिको संयोजक वा समितिले तोकेको कुनै सदस्यले प्रस्तुत गर्ने र छलफलमा उठेका सवालमा जवाफसमेत दिने ।

(९) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने/गराउने ।

**१४. <u>सूचना प्रविधि समिति</u>** : सूचना प्रविधि समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) महानगरपालिकामा संस्थागत सुशासन कायम गरी स्थानीय शासन, विकास निर्माण तथा सेवा प्रवाहमा उच्चतम् सदाचार, पारदर्शिता, नियमितता र प्रभावकारिता कायम गर्न/गराउन सूचना प्रविधिको प्रयोगलाई उच्च बनाउन आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(२) संस्थागत सुशासन तथा सहरी सुव्यवस्था कायम गर्न सूचना प्रविधि सञ्जाल विकाससम्बन्धी आवश्यक प्रस्तावहरू सम्बन्धमा छलफल गरी रणनीति, कार्यनीति, क्रियाकलापसमेत सिफारिस गर्ने । महानगरपालिकाले हाल प्रदान गरेका सूचना प्रविधिमा आधारित सेवाको गुणस्तर र प्रभावकारिताका सम्बन्धमा अनुगमन गरी आगामी दिनमा लिनुपर्ने नीतिगत, कानूनी सुधारका उपायहरू कार्यपालिकाको बैठकमा प्रस्तुत गर्ने ।

(३) महानगरपालिकाको सेवाप्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन सूचना प्रविधिसँग जोड्ने उपयुक्त प्रणालीको सिफारिस गर्ने ।

(४) सूचना प्रविधिसम्बद्ध कानून तथा महानगरपालिकाको निर्णय कार्यान्वयन र त्यसको उपलब्धी सम्बन्धमा नियमित अनुगमन सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने र विषयगत क्षेत्रसँग सम्बन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(५) महानगरपालिकाको समस्त प्रशासनिक काम कारबाहीमा सूचना प्रविधिको प्रयोग सम्बन्धमा आवश्यक सुधारको लागि अध्ययन अनुसन्धान गरी सुझाव दिने ।

(६) महानगरपालिकाको सूचना प्रविधि विभाग र अन्य प्रशासनिक संयन्त्रबाट सूचना प्रविधि विषयसम्बद्ध काम कारबाही

मूलतः यस समितिको क्षेत्राधिकार भएकोले सोसम्बन्धी विषय तथा प्रस्तावमा केन्द्रित भई छलफल गर्ने, निर्णय गर्ने, सिफारिस गर्ने, कार्यपालिकाबाट निर्णय गर्नुपर्ने भएमा सोका लागि प्रस्ताव तयार गरी प्रमुखसमक्ष पेस गर्ने, कार्यपालिकाको बैठकमा समितिको संयोजक वा समितिले तोकेको कुनै सदस्यले प्रस्तुत गर्ने र छलफलमा उठेका सवालमा जवाफसमेत दिने ।

(७) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने/गराउने ।

**१५.** <u>**सम्पदा तथा पर्यटन समिति**</u> : सम्पदा तथा पर्यटन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) महानगरपालिका क्षेत्रभित्रका संस्कृति र सम्पदाको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्न तथा आन्तरिक तथा बाह्य पर्यटन विकासको निम्ति आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(२) नगरसभा तथा कार्यपालिकाबाट स्वीकृत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति एवम् क्रियाकलापसमेत सिफारिस गर्ने ।

(३) काठमाडौँको स्थानीय संस्कृति, सम्पदा, चाडपर्व, जात्रा, विहार, मन्दिर, धार्मिक क्षेत्र, पर्यटन क्षेत्रलगायत पुरातात्विक महत्वका नदी किनार, डबली, पाटीपौवा, किरियापुत्री बस्ने घर, बाजागाजा, गुठी परम्परा तथा अन्य मूर्त र अमूर्त सम्पदाको सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान, विश्लेषण गरी सुधार तथा संरक्षणको निमित्त अवलम्बन गर्नुपर्ने नीति तथा संस्थागत व्यवस्थाको सिफारिस गर्ने ।

(४) संस्कृति, सम्पदा संरक्षण तथा पर्यटन विकाससँग सम्बन्धित विभाग, महाशाखा, आयोजना तथा वडा कार्यालयहरूबाट प्रभावकारी रूपमा कानूनबमोजिम पारदर्शी ढङ्गले कार्य भए

नभएको नियमित अनुगमन सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने र विषयगत क्षेत्रसँग सम्बन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरणअनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(५) महानगरपालिका क्षेत्रभित्र पुरातत्व विभाग, गुठी संस्थान, युनेस्को तथा अन्य सरकारी र गैह्रसरकारी निकाय तथा कार्यालयहरूबाट हुने सम्पदा, संस्कृति, पर्यटन र सोसम्बद्ध कार्यहरूमा आवश्यक समन्वय तथा सहकार्य गर्ने ।

(६) महानगरपालिकाको सम्पदा तथा पर्यटन विभाग, महानगरपालिका क्षेत्रभित्रका विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदा स्थलहरू, हनुमानढोका दरबार संरक्षण कार्यक्रम र समग्रमा सम्पदा, संस्कृति तथा पर्यटन क्षेत्र तथा सो विषयसम्बद्ध काम कारबाही मूलतः यस समितिको क्षेत्राधिकार भएकोले सोसम्बन्धी विषय तथा प्रस्तावमा केन्द्रित भई छलफल गर्ने, निर्णय गर्ने, सिफारिस गर्ने, कार्यपालिकाबाट निर्णय गर्नुपर्ने भएमा सोका लागि प्रस्ताव तयार गरी प्रमुखसमक्ष पेस गर्ने, कार्यपालिकाको बैठकमा समितिको संयोजक वा समितिले तोकेको कुनै सदस्यले प्रस्तुत गर्ने र छलफलमा उठेका सवालमा जवाफसमेत दिने ।

(७) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने/गराउने ।

१६. **<u>विपद् व्यवस्थापन समिति</u>** : विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) महानगरपालिकालाई सुरक्षित सहरको रूपमा विकास गर्न निर्माण गरिने सबै भौतिक पूर्वाधारहरूमा विपद् जोखिम न्यूनीकरणको प्रविधि र उपकरणहरू प्रयोग गर्ने प्रणाली पहिचान गरी तत् सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(२) नगरसभा तथा कार्यपालिकाबाट स्वीकृत विपद् व्यवस्थापनसम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गर्न/गराउन आवश्यक रणनीति, कार्यनीति एवम् क्रियाकलापसमेत सिफारिस गर्ने ।

(३) सुरक्षित तथा व्यवस्थित काठमाडौँ निर्माणका लागि अन्य स्थानीय तहहरूसँग समेत एकीकृत रूपमा कार्यक्रम सञ्चालन गर्न आवश्यक विपद् व्यवस्थापनसम्बन्धी विषयमा संयुक्त तवरबाट अध्ययन, अनुसन्धान, विश्लेषण गरी सिफारिस गर्ने ।

(४) सहरी पूर्वाधार विकास तथा भौतिक निर्माणमा विपद् जोखिम न्यूनीकरणका अवधारणालाई मूल प्रवाहीकरण गरिए नगरिएको सम्बन्धमा सम्बन्धित विभाग, महाशाखा, आयोजना तथा वडा कार्यालयहरूको नियमित अनुगमन सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने र विषयगत क्षेत्रसँग सम्बन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरणअनुसारको कार्य सम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(५) महानगरपालिका क्षेत्रभित्र अन्य सरकारी निकाय, संस्थान तथा गैरसरकारी निकाय आदिबाट हुने भौतिक निर्माणसम्बद्ध कार्यहरूमा आवश्यक समन्वय गरी सम्भावित विपद् तथा प्रकोपबाट बच्ने संरचना तथा संयन्त्र निर्माण तथा विकासका लागि आवश्यक पहल गर्ने ।

(६) विपद् व्यवस्थापनमा सुधार ल्याउन आवश्यक कानूनी तथा संस्थागत प्रबन्ध गर्न सिफारिस गर्ने ।

(७) महानगरपालिकाको विपद व्यवस्थापन विभाग र सो विषय सम्बद्ध काम कारबाही मूलतः यस समितिको क्षेत्राधिकार भएकोले सोसम्बन्धी विषय तथा प्रस्तावमा केन्द्रित भई छलफल गर्ने, निर्णय गर्ने, सिफारिस गर्ने, कार्यपालिकाबाट निर्णय गर्नुपर्ने भएमा सोका

लागि प्रस्ताव तयार गरी प्रमुखसमक्ष पेस गर्ने, कार्यपालिकाको बैठकमा समितिको संयोजक वा समितिले तोकेको कुनै सदस्यले प्रस्तुत गर्ने र छलफलमा उठेका सवालमा जवाफसमेत दिने ।

(८) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने/गराउने ।

१७. **शिक्षा तथा स्वास्थ्य समिति** : शिक्षा तथा स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) महानगरपालिका क्षेत्रभित्र रहेका शैक्षिक तथा स्वास्थ्य सेवासम्बद्ध संस्थाहरूको प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गरी शिक्षा तथा स्वास्थ्य सेवामा महानगरबासीको सरल, सहज र पँहुच वृद्धि गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(२) नगरसभा तथा कार्यपालिकाबाट स्वीकृत शिक्षा र स्वास्थ्यसम्बन्धी दीर्घकालीन, मध्यकालीन, अल्पकालीन तथा वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्न/गराउन आवश्यक रणनीति, कार्यनीति एवम् क्रियाकलापसमेत सिफारिस गर्ने ।

(३) महानगरपालिका क्षेत्रभित्र प्रवाह हुने शिक्षा तथा स्वास्थ्य क्षेत्रका विषयमा अध्ययन, अनुसन्धान, विश्लेषण गरी सिफारिस गर्ने ।

(४) माध्यमिक तहसम्मको शिक्षा र जनस्वास्थ्य सम्बद्ध सेवालाई सहज र सर्वसाधारण जनताको पहुँचयोग्य बनाउने अवधारणालाई मूलप्रवाहीकरण गरिए/नगरिएको सम्बन्धमा सम्बन्धित विभाग, महाशाखा, आयोजना तथा वडा कार्यालयहरूको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने र विषयगत क्षेत्रसँग सम्बन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरण

अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

(५) गुणस्तरीय शिक्षा तथा व्यवसायिक क्षमता विकास, रोजगारी, खेलकुद आदिको क्षेत्रमा गुणात्मक तथा जनउपयोगी कार्य पद्धतिको विकास गरी सक्षम, उत्कृष्ट, सबल र प्रतिस्पर्धी जनशक्ति विकासमा केन्द्रित भई स्थानीय शासन सञ्चालनका लागि आवश्यक संयन्त्र तथा कार्यप्रणालीको सिफारिस गर्ने ।

(६) महानगरपालिका क्षेत्रभित्र अन्य सरकारी निकाय, संस्थान वा गैरसरकारी निकायबाट हुने शिक्षा तथा स्वास्थ्य सेवासम्बद्ध कार्यहरूमा आवश्यक समन्वय गर्ने ।

(७) शिक्षा तथा स्वास्थ्य सेवालाई अनिवार्य तथा निशुल्क गराउने गरी तत् तत् क्षेत्रमा सुधार ल्याउन आवश्यक कानूनी तथा संस्थागत प्रबन्ध गर्न सिफारिस गर्ने ।

(८) महानगरपालिकाको शिक्षा विभाग र स्वास्थ्य विभाग तथा सो विषयसम्बद्ध काम कारबाही मूलतः यस समितिको क्षेत्राधिकार भएकोले सोसम्बन्धी विषय तथा प्रस्तावमा केन्द्रित भई छलफल गर्ने, निर्णय गर्ने, सिफारिस गर्ने, कार्यपालिकाबाट निर्णय हुनुपर्ने विषयका लागि प्रस्ताव तयार गरी प्रमुखसमक्ष पेस गर्ने, कार्यपालिकाको बैठकमा समितिको संयोजक वा समितिले तोकेको समितिको कुनै सदस्यले प्रस्तुत गर्ने र छलफलमा उठेका सवालमा जवाफसमेत दिने ।

(९) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने/गराउने ।

१८. **कृषि, सहकारी तथा पशुपक्षी व्यवस्था समिति** : यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) महानगरपालिकाको अधिकार क्षेत्रभित्र रहेका सबै प्रकृतिका सहकारीसम्बद्ध संस्थाहरूको सञ्चालन तथा प्रभावकारी

व्यवस्थापनबाट महानगरबासीले सरल, सहज र पँहुचयोग्य वित्तीय, विषयगत वा कार्यक्षेत्रगत सेवा पाउने अवस्था कायम राख्न आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(२) महानगरपालिकाको भौगोलिक क्षेत्रभित्र सहकारी, कृषि व्यवसाय, पशुपालन तथा पशुपक्षी व्यवस्थापनसँग सम्बद्ध व्यक्ति तथा संघसंस्थाहरूसँग समन्वय, सहयोग, दर्ता, नवीकरण, नियमन, सुपरीवेक्षण, नियन्त्रण तथा निर्देशन गरी सहकारी, कृषि तथा पशुपालन व्यवसायको उच्चतम् व्यवस्थापनको माध्यमबाट महानगरबासीले सरल, सहज, गुणस्तरीय र पँहुचयोग्य सेवा प्राप्त गर्ने बनाउन आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(३) नगरसभा तथा कार्यपालिकाबाट स्वीकृत सहकारी, कृषि तथा पशुपंक्षी व्यवस्थापनसम्बन्धी दीर्घकालीन, अल्पकालीन तथा वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्न/गराउन आवश्यक रणनीति, कार्यनीति एवम् क्रियाकलापसमेत सिफारिस गर्ने ।

(४) महानगरबासीको लागि स्वस्थ्य, विषादीरहित, अर्गानिक र ताजा तरकारी, फलफुल, खाद्य तथा तेलहन पदार्थको सहज र प्रभावकारी उपलब्धता सुनिश्चित गर्न गराउन कृषि तथा पशुपक्षी व्यवसाय सञ्चालन गर्ने व्यक्ति तथा संघसस्थासँग सम्पर्क, समन्वय, सहयोग र निजहरूका लागि उपयुक्त प्रबन्ध गर्ने । जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिने विषय भएकोले सहरी कृषिलाई उच्चतम् प्रयोग गरी सफा काठमाडौं, स्वस्थ्य वातावरण र निरोगी महानगरबासीको अवधारणालाई साकार पार्न कृषि तथा पशुपक्षी व्यवस्थापन सम्बद्ध विषयमा अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी सिफारिस गर्ने ।

(५) सहरी कृषि र पशुपक्षी व्यवस्थापनलाई जनस्वास्थ्यसँग जोड्दै उद्यमशीलतालाई समेत प्रर्वद्धन गरी काठमाडौंको जैविक फोहोरको प्रयोगबाट कौसी खेती, तरकारी खेती, बाझो जमिनको उपयोगसमेत गर्न अधिकतम् प्रयत्न गर्ने । सामुदायिक कुकुर, बाँदर,

छाडा पशुवस्तु व्यवस्थापन, घरपालुवा पशुपक्षी व्यवस्थापनसम्बन्धी कानूनी तथा नीतिगत प्रबन्ध गर्ने/गराउने ।

(६) गुणस्तरीय खाद्यपदार्थ बिक्रीवितरणको व्यवस्थापनको निमित्त आवश्यक पूर्वाधार, नियमित अनुगमन र कारबाही सम्बन्धमा आवश्यक नीतिगत तथा संस्थागत संयन्त्र विकास गर्न अध्ययन छलफल गरी प्रस्ताव पेस गर्ने ।

(७) तरकारी, फलफूल तथा माछामासु बजारलाई आधुनिकीकरण गरी अन्य स्थानीय तहहरूसँग समन्वय, सहकार्य र साझेदारीमार्फत महानगरबासीलाई रैथाने र स्वस्थ्य तरकारी, फलफुल तथा माछामासु उपभोग गर्न पाउने सहज अवसर प्रदान गर्ने ।

(८) महानगरपालिका क्षेत्रभित्र अन्य सरकारी निकाय, संस्थान वा गैरसरकारी निकायबाट हुने काम कारबाहीमा कृषि, सहकारी तथा पशुपक्षी व्यवस्थापन क्षेत्रको प्रभावकारिता बृद्धि गर्न आवश्यक समन्वय, सहकार्य तथा साझेदारी गर्ने ।

(९) उत्पादन, वितरण, उपभोक्ता हित र सर्वसाधारण जनताको दिनचर्यामा सहकारी पद्धतिलाई आन्तरिकीकरण गरी महानगरपालिकाको समृद्धि र सुशासनको अवधारणालाई सहकारीमार्फत अधिकतम लक्ष्य हासिल गर्न प्रयत्न गर्ने ।

(१०) महानगरपालिकाको सहकारी र कृषि तथा पशुपक्षी विभाग र सो विषयसम्बद्ध काम कारबाही मूलतः यस समितिको क्षेत्राधिकार भएकोले सोसम्बन्धी विषय तथा प्रस्तावमा केन्द्रित भई छलफल गर्ने, निर्णय गर्ने, सिफारिस गर्ने, कार्यपालिकाबाट निर्णय हुनुपर्ने भएमा सोका लागि प्रस्ताव तयार गरी प्रमुखसमक्ष पेस गर्ने, कार्यपालिकाको बैठकमा समितिको संयोजक वा समितिले तोकेको समितिको कुनै सदस्यले प्रस्तुत गर्ने र छलफलमा उठेका सवालमा जवाफसमेत दिने ।

(११) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने/गराउने ।

## परिच्छेद-३
## विविध

**१९. संयुक्त बैठक बस्न सक्ने :** (१) यस कार्यविधिबमोजिम गठित कुनै समितिको भूमिकालाई प्रभावकारी बनाउन वा एकभन्दा बढी समितिको कार्यक्षेत्र भित्रको विषय भएमा वा अर्को समितिसँग सहकार्य र समन्वय गरी कार्य गरेमा कार्यसम्पादनमा थप प्रभावकारी हुने समितिलाई लागेमा अन्य समिति वा समितिहरूसँग संयुक्त बैठक गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संयुक्त बैठकको अध्यक्षता संयुक्त बैठक आह्वान गर्ने समितिको संयोजकले गर्नेछ ।

(३) यस दफाबमोजिम कुनै समितिले संयुक्त बैठकका लागि आह्वान गरेमा त्यस्तो बैठकमा अनिवार्य रूपमा उपस्थित हुनु आमन्त्रित समितिको कर्तव्य हुनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै समितिले आफ्नो बैठकमा अन्य कुनै समितिको संयोजक मात्रलाई आमन्त्रण गर्न भने यस प्रावधानले बाधा पुगेको मानिने छैन ।

**२०. सहजीकरण तथा समन्वय :** (१) यस कार्यविधिबमोजिम गठन हुने समितिहरूको समग्र काम कारबाहीमा उपप्रमुखले आवश्यक सहजीकरण तथा समन्वय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम आफ्नो कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिहरूले उपप्रमुखसँग समन्वय गर्नुपर्नेछ र नियमित रूपमा लिखित प्रतिवेदनसमेत पेस गर्नुपर्नेछ ।

२१. **प्रतिवेदन पेस गर्नुपर्ने** : (१) समितिले गरेका काम कारबाही, सिफारिस तथा प्रतिवेदनहरू सम्बन्धमा प्रत्येक छ महिनाको चौमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन उपप्रमुखसमक्ष पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिहरूबाट चौमासिक रूपमा प्राप्त प्रतिवेदन सम्बन्धमा कार्यपालिकामा छलफल गर्नुपर्ने देखिएमा उपप्रमुखले प्रमुखमार्फत कार्यपालिकामा पेस गर्न आवश्यक समन्वय र सहजीकरण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम समितिहरूबाट वार्षिक रूपमा प्राप्त प्रतिवेदन कार्यपालिकामा प्रस्ताव बनाई छलफल गर्न उपप्रमुखले प्रमुखसमक्ष पेस गर्नुपर्नेछ ।

२२. **सुझाव तथा निर्देशन पालना गर्नुपर्ने** : कार्यपालिकाले दिएका सुझाव तथा निर्देशनहरू समितिले अनिवार्य पालना गर्नुपर्नेछ ।

२३. **कर्मचारीको दायित्व** : (१) महानगरपालिकामा कार्यरत सबै कर्मचारीहरूका लागि समितिको काम कारबाहीमा आवश्यक सहयोग गर्नु कानूनी दायित्व हुनेछ ।

(२) महानगरपालिका मातहतका सबै विभाग, आयोजना वा सचिवालयले कार्यपालिकामा पेस गर्ने सबै प्रस्ताव वा विभागीय काम कारबाही अनिवार्य रूपमा सम्बद्ध समितिमार्फत पेस गर्नुपर्नेछ ।

(३) महानगरपालिका मातहतका सबै विभाग, आयोजना वा सचिवालयले नियमित रूपमा सम्पादन गर्ने काम कारबाहीको मासिक प्रगति विवरण तथा कार्य सम्पादन अवस्था प्रत्येक पछिल्लो महिनाको पहिलो साता हुने समितिको बैठकमा पेस गरी छलफल हुनेछ । यस्तो विवरण तयार गरी प्रस्तुत गर्ने जिम्मेवारी सम्बद्ध विभागको विभागीय प्रमुखको हुनेछ ।

२४. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने** : समितिले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा विस्तृत अध्ययन-विश्लेषण गर्न बढीमा ३ सदस्यीय उपसमिति वा कार्यदल गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

२५. **समिति, उपसमिति वा कार्यदल भङ्ग वा पुनर्गठन गर्न सक्ने** : उपसमिति वा कार्यदललाई समितिले र समितिलाई कार्यपालिकाले जुनसुकै बेला भङ्ग वा पुनर्गठन गर्न सक्नेछ ।

२६. **अधिकार वा जिम्मेवारी थपघट वा हेरफेर हुनसक्ने** : (१) यस कार्यविधिमा उल्लेख भएका समितिको काम, कर्तव्य र अधिकारमा समयसमयमा आवश्यकताअनुसार कार्यपालिकाको निर्णयबाट थपघट वा हेरफेर हुन सक्नेछ ।

(२) उपदफा(१) बमोजिम तोकिएको काम, कर्तव्य र अधिकारको प्रचलन गर्नु गराउनु सम्बद्ध समितिको दायित्व हुनेछ ।

२७. **विवाद समाधानसम्बन्धी व्यवस्था** : (१) यस कार्यविधिबमोजिमको कार्य सम्पादन गर्ने क्रममा क्षेत्राधिकारको विषयमा समितिहरूका बिचमा कुनै विवाद उत्पन्न भएमा विवाद परेका समितिहरूबिचको आपसी सहमति वा संयुक्त बैठक बसी विवादको समाधान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिहरूका बिच उत्पन्न विवाद आपसी समन्वय वा सहमतिबाट समाधान हुन नसकेमा उपप्रमुखले विवाद समाधान गर्न आवश्यक समन्वय गर्नुपर्नेछ । उपप्रमुखको समन्वयबाट समेत विवाद समाधान हुन नसकेमा कार्यपालिकाले विवाद समाधान गर्न आवश्यक निर्णय गर्नेछ । कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ र सो पालना गर्नु सम्बद्ध समितिको कर्तव्य हुनेछ ।

२८. **बैठक भत्तासम्बन्धी व्यवस्था** : समिति, उपसमिति वा कार्यदल पदाधिकारी तथा सदस्यहरूको बैठक भत्ता कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

२९. **बाधा अड्काउ फुकाउ** : यस कार्यविधिको प्रयोग गर्दा आइपर्ने बाधा अड्काउ फुकाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिको अधिनमा रही आवश्यक आदेश दिने अधिकार उपप्रमुखलाई हुनेछ ।

३०. **खारेजी र बचाउ** : (१) काठमाडौँ महानगरपालिका कार्यपालिका अन्तर्गत समिति/उपसमिति गठनसम्बन्धी कार्यविधि, २०७४ खारेज गरिएको छ ।

(२) उपदफा (१) मा उल्लिखित कार्यविधिबमोजिम भए गरेका काम कारबाही यसै कार्यविधिबमोजिम भए गरेको मानिनेछ ।

स्वीकृत मिति : २०८०/०२/०१

**आज्ञाले**
**बसन्त अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल प्रज्ञा-प्रतिष्ठान कमलादी, काठमाडौँमा मुद्रित । फुटकर मूल्य रु. ५०/-**